# तारकेश्वर नगरपालिका क्षेत्रमा क्रियाशील पत्रकारहरूको संयुक्त विज्ञप्ति

तारकेश्वर नगरपालिकाले मिति २०८३/०३/११ गते जारी गरेको "ध्यानाकर्षण" विज्ञप्तिप्रति हामी तारकेश्वर क्षेत्रमा क्रियाशील पत्रकार तथा सञ्चारकर्मीहरूको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त विज्ञप्तिले सम्पूर्ण पत्रकार समुदायप्रति अविश्वास, पूर्वाग्रह र आरोप लगाउने प्रयास गरेको मात्र नभई लामो समयदेखि नगरपालिकाका जनप्रतिनिधिहरूबाट पत्रकारमाथि हुँदै आएको असहिष्णु व्यवहारलाई समेत उजागर गरेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता तथा नागरिकको सूचनाको अधिकार संविधानद्वारा सुनिश्चित मौलिक अधिकार हुन्। सार्वजनिक निकायका गतिविधि, निर्णय, सेवा प्रवाह, विकास निर्माण, आर्थिक पारदर्शिता तथा जनचासोका विषयमा समाचार संकलन र सम्प्रेषण गर्नु पत्रकारको पेशागत दायित्व हो। यसलाई प्रतिष्ठामाथिको आक्रमणका रूपमा व्याख्या गर्नु लोकतान्त्रिक मूल्य र मान्यताविपरीत हो।

तारकेश्वर नगरपालिकाका केही जनप्रतिनिधिहरूले विभिन्न समयमा पत्रकारहरूलाई कार्यक्रममा बोलाएर समाचारका विषयमा असन्तुष्टि व्यक्त गर्ने, अप्रत्यक्ष तथा प्रत्यक्ष रूपमा धम्की दिने, नगरपालिकाका विषयमा समाचार लेखिएमा सामूहिक रूपमा प्रतिकार गर्नुपर्ने अभिव्यक्ति दिने जस्ता गतिविधिहरू गर्दै आएको तथ्य पत्रकार समुदायले बारम्बार भोग्दै आएको छ। सार्वजनिक पदमा बसेका व्यक्तिहरूबाट प्रेस तथा पत्रकारिता पेशाप्रति देखाइएको यस्तो व्यवहार कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन । तारकेश्वर नगरपालिकासँग स्थानीय पत्रकारहरूको सम्बन्ध केवल समाचार संकलन र सार्वजनिक सूचना प्रवाहसँग मात्र जोडिएको होइन यहाँको विकास र समृद्धिको सहयात्री पनि हो । यस बिषयलाई नगरपालिकाले भुलेर एकतर्फी रुपमा पत्रकारीता जगत बिरुद्ध पटक पटक अभिव्यक्ति आउनु दुखद छ । कुनै एक मिडियाको समाचार, सामाजिक सञ्जालमा लेखिएको स्टाटस वा व्यक्तिगत असन्तुष्टिको आधारमा सम्पूर्ण पत्रकार समुदायमाथि प्रश्न उठाउनु, आरोप लगाउनु वा शंकाको दृष्टिले हेर्नु अत्यन्तै आपत्तिजनक र दुखद विषय हो । अस्ती मात्र जरंखु क्षेत्रमा घर भत्काउने कार्यका क्रममा बिहानदेखि राति करिब १० बजेसम्म नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा नगरप्रहरीसँगै फिल्डमा खटिएर समाचार संकलन गरेका पत्रकारहरूलाई धन्यवाद दिनुको सट्टा एकजना पत्रकारले लेखेको समाचारलाई बहाना बनाएर समग्र पत्रकारिता क्षेत्रलाई नै बदनाम गर्ने प्रयास हुनु झन् दुःखद र निन्दनीय छ ।

काठमाडौं उपत्यकाभित्रका अन्य स्थानीय तहहरूको तुलनामा तारकेश्वर नगरपालिका स्थानीय पत्रकारहरूप्रति अत्यन्तै नकारात्मक, असहिष्णु र कठोर रूपमा प्रस्तुत हुँदै आएको छ । तारकेश्वर नगरपालिका स्थापना भएदेखि विगतका जनप्रतिनिधिहरूबाट पत्रकारहरूप्रति यस प्रकारको व्यवहार भएको स्मरणमा छैन। आलोचनालाई स्वीकार गर्ने, प्रश्नको जवाफ दिने र सञ्चारमाध्यमसँग संवाद गर्ने परम्पराको स्थान अहिले आरोप, पूर्वाग्रह र धम्कीले लिन खोजेको देखिनु चिन्ताजनक विषय हो।

यदि कुनै समाचार तथ्यहीन, भ्रामक वा आचारसंहिताविपरीत भएको ठहर भए त्यसका लागि प्रेस काउन्सिल नेपाल, अदालत तथा अन्य सम्बन्धित निकायहरूमा उजुरी गर्ने स्पष्ट कानुनी व्यवस्था विद्यमान छ तर कानुनी बाटो अवलम्बन गर्नुको सट्टा सम्पूर्ण पत्रकार समुदायलाई लक्षित गरी चेतावनीपूर्ण विज्ञप्ति जारी गर्नु र सार्वजनिक रूपमा पत्रकारमाथि दबाब सिर्जना गर्ने प्रयास गर्नु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपको रूपमा बुझिन्छ ।

तसर्थ, हामी तारकेश्वर नगरपालिकालाई पत्रकार तथा सञ्चारमाध्यमप्रति देखाइएको पूर्वाग्रही दृष्टिकोण अन्त्य गर्न, पत्रकार समुदायमाथि लगाइएका अप्रत्यक्ष आरोपहरू फिर्ता लिन, सार्वजनिक रूपमा स्पष्ट धारणा राख्न तथा प्रेस स्वतन्त्रताको सम्मान गर्न जोडदार माग गर्दछौं। साथै, पत्रकारमाथि पटकपटक भइरहेको अपमानजनक व्यवहार, निषेध तथा विस्थापीत सम्मका धम्की तथा पेशागत स्वतन्त्रतामाथिको हस्तक्षेपका विषयमा नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं।

स्वतन्त्र प्रेसमाथिको कुनै पनि प्रकारको दबाब, हस्तक्षेप र धम्की स्वीकार्य हुँदैन ।

***तारकेश्वर क्षेत्रमा क्रियाशील पत्रकार तथा सञ्चारकर्मीहरू।***

१. रबिन प्रसाद थपलिया
२. रामशरण न्यौपाने
३. ऋषि बस्याल
४. मनोज गजुरेल
५. रमित बलामी
६. सनत आचार्य
७. हरिराम भेटुवाल

मिति : २०८३/०३/१२